म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १७४ शनिबार २१ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 4 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## कैलाशबाट काठमाडौंसम्म बस सेवा सुरु

हेटौंडा, २० माघ/ मकवानपुरको विकट कैलाश गाउँपालिकाको भार्ता-कालिकाटार-नामटारहुँदै काठमाडौं सम्म बस सेवा सञ्चालनमा आएको छ । शुक्रबारबाट गाउँपालिकाको भार्ता-कालिकाटार -नामटार हुँदै काठमाडौंसम्म बस सेवा सञ्चालनमा आएको हो । गाउँपालिकाको समन्वयमा नारायणी यातायात व्यवसायी संघले एउटा बस भार्ताबाट काठमाडौंतर्फ जाने र अर्को बस काठमाडौंबाट भार्ताका लागि छुट्ने गरी सञ्चालनमा आएको अध्यक्ष लोकबहादुर मुक्तानले जानकारी दिए । कैलाशको तल्लो बेल्टका ६ वटा वडाबासीले अहिलेसम्म काठमाडौं जानका लागि सिधा बस सेवाको सुविधा पाएका थिएनन् । बस सञ्चालनमा आएपछि आफ्नै घरआँगनबाट काठमाडौंसम्म जानका लागि त्यहाँका नागरिकले सुविधा प्राप्त गरेको मुक्तानले बताए । बस सेवा सञ्चालनमा आएपछि करिब १३ हजार स्थानीय लाभान्वित हुने उनले जानकारी दिए ।

### मकवानपुरका जनप्रतिनिधिलाई पदमुक्तको डर

# जरिवाना मिनाहा गर्न राष्ट्रपतिसमक्ष अपिल

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ निर्वाचन आयोग नेपालले गत ३० वैशाखमा भएको स्थानीय तह निर्वाचनका उम्मेदवारहरुलाई निर्वाचन खर्च विवरण नबुझाएको भन्दै जरिवाना तोकेपछि पदमुक्त हुने डरले यतिबेला जिल्लाका उम्मेदबार देखि जनप्रतिनिधिसम्म जरिवाना मिनाहाका लागि लागिपरेका छन् ।

हेटौंडा उपमहानगर पालिका, थाहा नगरपालिकासहित ८ वटै गाउँपालिकाका अधिकांश जनप्रतिनिधिहरु र उम्मेदबारहरु आयोगले तोकेको ३० दिनभित्र खर्च विवरण नबुझाएको कारण जरिवाना तिर्नुपर्ने सूचिमा छन् । उम्मेदवार भएर जरिवानामा परेका अधिकांशले जरिवाना तिरेका पनि छैनन् । निर्वाचन आयोगले कानुनबमोजिम निर्वाचन खर्च विवरण नबुझाउने देशभरका एकलाख २३ हजारभन्दा बढी उम्मेदवारलाई जरिवाना तोकेर ६ महिनाभित्र जरिवाना तिर्न सूचित गरेको थियो । तर, जरिवाना बुझाउने म्यादसमेत जनप्रतिनिधि र उम्मेदवारहरुले कटाइसकेका छन् ।

आयोगले कानुनबमोजिम फागुन मसान्तसम्म पनि जरिवाना नतिरे निर्वाचित जनप्रतिनिधि पदमुक्त हुने र अन्यले आगामी दिनमा समेत उम्मेदवार बन्न नपाउने गरी कडाई गर्ने भनेपछि जरिवाना तोकिएका उम्मेदवारहरुले सामूहिकरुपमा जरिवाना मिनाहा गर्न राष्ट्रपतिसमक्ष आवेदन दिने तयारीस्वरुप हस्ताक्षर संकलन गरिएको जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानले बताए । गत स्थानीय तह निर्वाचनमा उम्मेदवार भएर निर्वाचन खर्चको विवरण नबुझाउँदा कारबाहीमा परेका उम्मेदवारदेखि जनप्रतिनिधिसम्मले शुक्रबार मकवानपुरका सबै स्थानीय तहमा हस्ताक्षर संकलन गराएका हुन् । सम्बन्धित पालिकामा उम्मेदवारहरुको हस्ताक्षर गर्न लामो लाइन नै लागेको थियो ।

जिल्ला समन्वय समिति महासंघ, नगरपालिका महासंघ र गाउँपालिका महासंघमार्फत् राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष जरिवाना मिनाहाका लागि मकवानपुरका




जनप्रतिनिधिसहित उम्मेदवारहरुले हस्ताक्षर गरेका हुन् । स्थानीय तह निर्वाचनको अन्तिम नतिजा सार्वजनिक भएको मितिले ३० दिनभित्र निर्वाचन खर्च विवरण पेश गर्नुपर्ने कानुनी व्यवस्था छ । तर, उक्त कानुनी व्यवस्था उल्लङ्घन गर्नेमा मकवानपुरका ४ सय ९ जना प्रतिनिधिसहित १ हजार ७ सय १० जना उम्मेदवारलाई निर्वाचन आयोगले गत असोज अन्तिममा जरिवाना तोकेको थियो । आयोगले खर्च विवरण नबुझाउने र ढिला बुझाउनेलाई कानुनबमोजिम उपमहानगरपालिकाका प्रमुख र उपप्रमुखले ५ लाख ५० हजार, वडा अध्यक्ष र वडा सदस्यले २ लाख ५० हजार जरिवाना तिर्नुपर्ने तोकेको थियो ।

त्यस्तै, नगरपालिकाका प्रमुख र उपप्रमुखलाई ४ लाख ५० हजार, वडा अध्यक्ष र वडा सदस्यलाई २ लाख, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षलाई ३ लाख ५० हजार, वडा अध्यक्ष र वडा सदस्यलाई १ लाख ५० हजार रुपैयाँ जरिवाना तिर्नुपर्ने तोकेको थियो । कारबाहीमा परेकाहरुले जरिवाना मिनाहा गराउन राष्ट्रपति समक्ष सामूहिक निवेदन दिने भएकाले मकवानपुरका जनप्रतिनिधि र उम्मेदवारहरुले सामूहिक हस्ताक्षर संकलन गरेको जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख घलानले जानकारी दिए । जिल्लाका पालिकाहरुले सूचना नै जारी गरेर शुक्रबारसम्म अन्तिम म्याद रहेको भन्दै हस्ताक्षर गर्न आह्वान नै गरेका थिए । मकवानपुर गढी गाउँपालिकाले सूचना जारी गर्दै हस्ताक्षर संकलन गर्न जनप्रतिनिधि देखि उम्मेदवारहरुलाई जानकारी गराएको थियो । जसअनुसार शुक्रबार मकवानपुरगढी गाउँपालिकामा जरिवाना तिर्न बाँकी १ सय ७८ जनाले हस्ताक्षर गरेको प्रमुख प्रशासकीय अधिकृत रामकुमार पुडासैनीले जानकारी दिए । उम्मेदवार एक जना भने विदेश गएकाले बाँकी सबैको हस्ताक्षर संकलन भएको उनले बताए ।

हेटौंडा उपमहानगर पालिकामा पनि शुक्रबार नै हस्ताक्षर संकलन भएको उपमहानगरका प्रवक्ता तथा १ नम्बर वडा अध्यक्ष सविन न्यौपानेले जानकारी दिए । थाहा नगरपालिका, इन्द्रसरोबर, भीमफेदी, बकैया, बागमती, मनहरी, राक्सिराङ र कैलाश गाउँपालिकाका जनप्रतिनिधि र उम्मेदवारहरुले हस्ताक्षर संकलन गरेका छन् ।

नेपाल नगरपालिका संघ र गाउँपालिका महासंघले देशभरिका स्थानीय तहमार्फत् उम्मेदवारहरुको विवरण संकलन गरी राष्ट्रपतिलाई बुझाउने र निर्वाचन आयोगले अव्यवहारिकरुपमा निर्धारण गरेको जरिवाना मिनाहा गर्न आवेदन दिने तयारी थालेका हुन् । जरिवाना तोकिएका कतिपयले भने पहिल्यै जरिवाना तिरिसकेका छन् भने कतिपयले जरिवाना तिरेर मंसिर ४ मा भएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा समेत सहभागी भएका थिए । जरिवाना नतिर्ने जनप्रतिनिधि र उम्मेदवारहरु भने अझै जरिवाना मिनाहाको पखाईमा छन् ।

मकवानपुरको १० पालिका प्रमुख/उपप्रमुख र १ सय २ वडा वडाध्यक्ष/सदस्य पदमा चुनाव लडेर खर्च विवरण पेश नगर्ने, ढिलो पेश गर्ने र चित्तबुझ्दो स्पष्टिकरण पेश नगर्ने उम्मेदवारलाई आयोगले जरिवाना तोकेको हो । उनीहरुलाई आयोगले निर्वाचन आयोग ऐन २०७३ को दफा २६ को उपदफा (१) बमोजिम खर्चको विवरण पेस नगर्ने उम्मेदवारलाई कारबाही गरिएको जनाएको छ । मकवानपुरका ७७ दशमलव १७ प्रतिशत जनप्रतिनिधि जरिवानामा परेका छन् । निर्वाचन आयोगका अनुसार पालिका प्रमुख/उपप्रमुख, वडाध्यक्ष र वडासदस्य पदमा निर्वाचित भएका ५ सय ३० मध्ये ४ सय ९ जनप्रतिनिधि जरिवानामा परेका हुन् । पालिका प्रमुख दुई, उपप्रमुख दुई, वडाध्यक्ष ६३ र बाँकी वडासदस्य ३ सय ४२ रहेका छन् ।

इन्द्रसरोवर गाउँपालिकाका जनप्रतिनिधिसहित सबै उम्मेदवारी दिएका ८९ जना नै जरिवानामा परेका छन् । गाउँपालिका अध्यक्ष देवकृष्ण पुडासैनी, उपाध्यक्ष उमाकुमारी लामा, वडा नम्बर १ का वडाध्यक्ष सुवास थापामगर, २ का सुमन श्रेष्ठ, ३ का प्रताप भोम्जन, ४ का चन्द्रकुमार बल र ५ का दुतराज तितुङ र २० वडासदस्य जरिवानामा परेका हुन् । हेटौंडा उपमहानगरमा सबैभन्दा धेरै उम्मेदवारलाई जरिवाना तोकिएको छ । हेटौंडाका मात्रै २ सय ८५ उम्मेदवार रहेका छन् । जसमध्ये पराजित २ सय ४२ रहेका छन् भने निर्वाचित ९ वडाध्यक्ष सहित ४३ जना जनप्रतिनिधि रहेका छन् । थाहा नगरपालिकामा उम्मेदवारी दिएका २ सय ४० मध्ये ३६ जनाले मात्रै खर्च विवरण पेश गरेका थिए भने २ सय ४ जनाले बुझाएका छैनन् ।

बकैया गाउँपालिकामा २ सय २४ जना जरिवानामा परेका छन् । जसमध्ये ९ वडाध्यक्ष सहित ५७ जना निर्वाचित उम्मेदवार रहेका छन् । कैलाश गाउँपालिकामा १ सय ७३ जनाले उम्मेदवारी दिएकोमा १ सय ६२ उम्मेदवार जरिवानामा परेका हुन् । जसमध्ये ८ जना वडाध्यक्षसहित ४७ जना जनप्रतिनिधि छन् । राक्सिराङ गाउँपालिकामा निर्वाचित ७ जना वडाध्यक्ष र ३५ वडासदस्य सहित १ सय ४४ उम्मेदवार जरिवानामा परेका छन् । मनहरी गाउँपालिकामा निर्वाचन उठेका २ सय २१ मध्ये २ सय १२ जना उम्मेदवार जरिवानामा परेका छन् । जसमध्ये निर्वाचित ५ वडाध्यक्ष र ३४ वडा सदस्यसहित ३९ जनप्रतिनिधि जरिवानाको सूचीमा छन् ।

भीमफेदी गाउँपालिकामा गाउँपालिका अध्यक्ष हिदम लामा, ६ जना वडाध्यक्ष र २८ वडा सदस्य सहित १ सय २० उम्मेदवार जरिवानामा परेका छन् । ९ वटा वडा रहेको बागमती गाउँपालिकामा पालिकाको उपाध्यक्ष फणिन्द्र तिमल्सिनासहित ४ जना वडा अध्यक्ष, वडासदस्य ३६ सहित १ सय ५४ उम्मेदवार जरिवानामा परेका छन् । मकवानपुर गढी गाउँपालिकामा निर्वाचित ४ जना वडाध्यक्ष र २४ वडासदस्यसहित जरिवानामा परेका थिए ।

# वन्यजन्तु चोरी शिकारीमा बागमतीका सांसद् दोषी ठहर

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ संरक्षित वन्यजन्तु जरायो चोरी शिकारी प्रकरणमा बागमती प्रदेशसभा सदस्य दोषी ठहर भएका छन् ।

मकवानपुरसम्म फैलिएको पर्सा राष्ट्रिय निकुञ्जले बागमतीका एक सांसद् र मधेश प्रदेशका एक सांसद्सहित ४९ जनालाई जरायो चोरी शिकार घटना प्रकरणमा कसुरदार ठहर गरेको छ । गत ४ माघमा निकुञ्जको जमुनिया खोला क्षेत्रमा अवैधरुपमा निकुञ्ज प्रवेश गरी वन्यजन्तु शिकार गरेको भन्दै दुई प्रदेश सांसद् र पर्साको एक गाउँपालिकाको पूर्वअध्यक्षसहित ४९ जनालाई कसुरदार ठहर गर्दै सजाय गर्ने निर्णय भएको निकुञ्ज प्रशासनले जानकारी दिएको छ । निकुञ्जका सूचना अधिकारी सूर्य खड्काले जरायो शिकार गरेको आरोपमा पक्राउ परेका, सिकारमा संलग्नताको आरोप लागेका तथा घटनास्थलबाट बरामद सामग्री लगायतका आधारमा दोषी ठहर गरिएको बताए ।

बागमती प्रदेशसभा सदस्य श्यामबहादुर खड्का दोषी ठहर भएका हुन् । खड्काको हकमा आफ्नो नाममा दर्ता भएको हतियार अन्य व्यक्तिलाई प्रयोग गर्न दिएको र उक्त हतियारबाट वन्यजन्तु सिकार गरेको देखिएकाले खड्कालाई हातहतियार खरखजाना ऐन, २०१९ बमोजिम थप कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय पर्सामा पठाइएको निकुञ्जले जानकारी दिएको छ ।

मधेस प्रदेशसभा सदस्य प्रमोदकुमार जयसवाल, पर्साको सखुवापर्सौनी गाउँपालिकाका पूर्वअध्यक्ष प्रदीपकुमार जयसवाल र सञ्जीव शाहीलाई वनजन्यु चोरी शिकारी घटनामा मतियार रहेको निष्कर्ष निकाल्दै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ बमोजिम सजायको निर्णय भएको सूचना अधिकारी खड्काले बताए ।

फरार प्रतिवादीहरु कुमार लामा, विकास सहनी र उपेन्द्र यादवको हकमा भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २६ को ३ बमोजिम सजाय हुने निर्णय भएको उल्लेख छ । बाँकी रहेका ३४ जना फरार प्रतिवादीहरुको हकमा पहिचान खुली पक्राउ परी आएको बेला राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम सजाय हुने निर्णय भएको सूचना अधिकारी खड्काद्वारा आज हस्ताक्षरित विज्ञप्तिमा जनाइएको छ । घटनास्थलबाट बरामद भएका सवारी, ६ थान मोबाइल, २ लाख ९६ हजार ६ सय ३० नेपाली र एक हजार दुई सय भारतीय मुद्रा, बन्दुकलगायत अन्य बन्दोबस्तीका सामग्रीहरु राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २८ बमोजिम जफत गर्ने निर्णय भएको जनाएको छ ।

प्रतिवादीहरुले स्वदेश र विदेशको विभिन्न स्थानमा समूह बनाई आधुनिक हतियारसमेतको प्रयोग गरी संरक्षित वन्यजन्तुको समेत शिकार गरी तिनका आखेटोपहारहरु अन्तर्राष्ट्रियरुपमा ओसारपसार गर्ने गरेको प्रमाणको आधारमा संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ र संगठित अपराध निवारण ऐन, २०७० बमोजिम थप अनुसन्धान गर्ने निर्णय भएको निकुञ्ज प्रशासनले जनाएको छ । साथै, प्रतिवादीमध्ये केही व्यक्तिहरुको अस्वाभाविक रुपमा वित्तीय कारोबार भएकोसमेत खुल्न आएकाले सम्पत्ति शुद्धिकरण निवारण ऐन, २०६४ बमोजिम थप अनुसन्धान हुनका लागि सम्पत्ति शुद्धिकरण अनुसन्धान विभागमा समेत लेखी पठाइएको सूचना अधिकारी खड्काले जानकारी दिएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

# बाल क्लबका पदाधिकारीलाई क्षमता अभिबृद्धि तालिम

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ बालमैत्री घोषणा अभियानअन्तर्गत् थाहा नगरपालिकाभित्रका सक्रिय बाल क्लबका पदाधिकारीहरुलाई क्षमता अभिबृद्धि तालिम दिइएको छ ।

नगरपालिकाको महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण शाखाको आयोजनामा बाल क्लबका पदाधिकारीहरुका लागि बाल अधिकार र बाल क्लब सञ्चालन सम्बन्धी क्षमता अभिबृद्धि तालिम दिइएको हो ।

तालिममा थाहानगरमा रहेका १२ वटा वडामा गठित बाल क्लबका २४ जना पदाधिकारीहरुको सहभागिता रहेको महिला बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तानले जानकारी दिइन् । सहभागी बालबालिकाहरुलाई कुमार नेगीले प्रशिक्षण दिइरहेका छन् । थाहा नगरका उपप्रमुख भरत गोपालीले तालिममा सम्बोधन गर्दै नगर क्षेत्रका बालबालिकाको बालअधिकारको विषयमा गम्भीर भएर लागिपर्ने बताए ।

उनले नगरपालिकालाई छिट्टै बालमैत्री घोषणा गरिने बताए । बालमैत्री घोषणाका लागि नगरले अभियान नै बनाएर तयारी गरिरहेको उनको भनाइ छ । बालअधिकार उल्लङ्घनका घटनालाई न्यूनीकरण गर्नका लागि सबैको निगरानी आवश्यक रहेको उपप्रमुख गोपालीले बताए । थाहा नगर बाल क्लबका अध्यक्ष खुशी गोपालीको अध्यक्षतामा तालिम उद्घाटन गरिएको थियो । कार्यक्रममा कार्यपालिका सादस्य जनकबहादुर कामी, सूचना शाखा प्रमुख सुरजकुमार भुजेल, शिक्षा समिति सदस्य कविता कार्की, तालिम सहजकर्ता कुमार नेगी, सामाजिक विकास समिति संयोजक दिनेश बल लगायतको आतिथ्यता थियो ।



यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# साइबर आक्रमणका ह्याकरलाई दिइन्छ लाखौं डलर



साइबर आक्रमण २१ औं शताब्दीको लागि सबैभन्दा ठूलो जोखिम बन्न पुगेको छ । समग्र विश्व अहिले डिजिटल सेवामा अघि बढिरहेको अवस्थामा साइबर सुरक्षाको जोखिम पनि बढ्दै गएको छ । यस्तोमा विश्वभर साइबर सुरक्षा बलियो बनाउनुपर्ने चुनौती थपिएको छ । तर, त्यसको ठीक विपरीत साइबर सुरक्षाको लागि आवश्यक जनशक्तिको अभाव छ । साइबर सुरक्षाका लागि काम गर्नसक्ने मान्छे निकै सीमित छन् । साइबर सुरक्षाको लागि काम गरिरहेको कम्पनी सिन्याकले अहिले 'क्राउडसोर्स'को प्रयोग गरी यस किसिमको अभावलाई पूर्ति गर्दै आएको छ । यो सफ्टवेयरले स्वचालितरुपमा सुरक्षाको कमजोरी पत्ता लगाउँछ ।

कम्पनीले सुरक्षाको लागि साइबर आक्रमण गर्ने ह्याकरको पनि सहायता लिने गरेको छ । कम्पनीले ह्याकरहरुलाई बोलाएर आफ्नो सिस्टम ह्याक गर्न लगाउँछ र उनीहरुले कसरी सिस्टम ह्याक गर्छन् भन्ने जानकारी हासिल गर्ने गरेको छ । अहिले सिन्याक कम्पनी मेसिनको माध्यमबाट साइबर आक्रमण हुनसक्ने विषयमा नियमन गरिरहेको छ । साथै ह्याक बोलाएर सिस्टमको परीक्षणको काम पनि गरिरहेको छ ।


साइबर सुरक्षा कम्पनीका अधिकारीले साइबर आक्रमण रोक्नका लागि यस किसिमको उपाय सबै कम्पनीले प्रयोग गर्नुपर्ने बताएका छन् । विशेषगरी सरकारी निकायका लागि यो प्रभावकारी हुनेछ । सरकारी निकायहरु धेरै साइबर सुरक्षाको जोखिममा हुने हुनाले यो उपाय निकै महत्वपूर्ण हुनसक्ने बताइएको छ । सन् २०२१ सम्ममा विश्वभर साइबर सुरक्षाको क्षेत्रमा ३५ लाख मानिसको रोजगारीको लागि जनशक्ति अभाव हुनेछ ।

पछिल्लो समय साइबर सुरक्षाको लागि जनशक्तिको व्यापक अभाव देखिएको छ । यस्तोमा साइबर सुरक्षाको उपाय पत्ता लागाउनु निकै कठिन रहेको सिन्याकका अधिकारीले बताएका छन् । यस्तोमा कम्पनीले बोलाउने गरेका ह्याकरको तलब भने उल्लेख्य हुने गरेको छ । यस वर्षमात्र कम्पनीले १० लाख डलरभन्दा बढी रकम ह्याकरलाई बुझाइसकेको छ । यस किसिमको सीपको निकै अभाव रहेको कारण ह्याकरलाई बुझाउने रकम महँगो भएको हो ।

यो दशकको सुरुमा सरकारी निकायलाई नेटवर्कको सिस्टम ह्याकरलाई तोड्नका लागि मनाउनु निकै कठिन थियो । तर, साइबर सुरक्षाको अवस्था भयानक बनेसँगै अहिले सरकारी निकाय पनि केही लचिलो बन्न पुगेका छन् । पछिल्लो समय यस किसिमको फ्रि-लाइन्सर ह्याकरको मागपनि चुलिएको छ ।

**यौन चर्चा**

# पोर्न फिल्मको कुलत: कति घातक ?



हुन त नेपालमा सरकारले पोर्न साइटमा प्रतिबन्ध लगाएको छ । र, आफ्नो बलबुतोले भ्याएसम्मका पोर्न साइट बन्द गरेको छ । पोर्न साइट बन्द गर्नुको लक्ष्यचाहिँ बढ्दो यौन हिंसा नियन्त्रण नै हो । पोर्न साइट र यौन हिंसासँग कस्तो सम्बन्ध छ ? त्यो छुट्टै बहसको विषय हुनसक्छ । यद्यपि पोर्न साइट हेर्ने क्रममा कमी आयो भन्न सकिने अवस्था छैन ।

'खाने मुखलाई जुँगाले छेक्दैन' भनेजस्तै अहिलेको युगमा डिजिटल सामग्री र उत्पादनमाथि प्रतिबन्ध लगाउनु त्यति सम्भव नहोला । अनेक माध्यम र बाटाबाट यस्ता सामग्री चुहिने गर्छन्, जसलाई ताल्चा ठोक्न सकिँदैन । अत: यौनजन्य सामग्री अहिले धेरैको लागि सहज पहुँचको विषय भएको छ । हातहातमा मोबाइल छ, घर-घरमा इन्टरनेट छ । यति भएपछि यौनजन्य सामग्री हेर्न कसले छेकबार लगाउने ?

यौनप्रति चासो र रुचि हुनु स्वभाविक पनि हो । यौनजन्य गतिविधिमा रमाउनु मानवीय प्रवृत्ति पनि हो । यसर्थ यस्ता यौनजन्य जिज्ञासा मेट्ने र यौन तृष्णा मेट्ने माध्यममाथि प्रतिबन्ध लगाउनु त्यति वैज्ञानिक विधि होइन । यस्ता कुरामा अरुले रोकेर वा छेकेर हुँदैन, बरु आफैं नियन्त्रित हुनुपर्छ । आफूसँग आफैं इमान्दार र अनुशासित हुनुपर्छ । अरुको कर र बलमा होइन, आफ्नै विवेकले यस्ता कुराहरु त्याग्नुपर्छ । किनभने यौनजन्य सामग्री हेर्ने अर्थात् पोर्न साइट हेर्ने लत आफैंमा राम्रो होइन । यसले प्रत्यक्ष केही असर पुऱ्याउँछ । जस्तो, हाम्रो समय नष्ट गर्छ । मनमा यौन विकार पैदा हुन्छ । पारिवारिक जीवन प्रभावित बनाइदिन्छ । यौनजन्य सामग्री खोज्ने र हेर्ने लत लाग्छ । अझ पढ्दै गरेका, करियर बनाउँदै गरेका किशोर पुस्ताको जीवनशैली नै यसले प्रभावित बनाइदिन सक्छ । कतिपय नराम्रो कार्य गर्नसमेत उक्साउने भय रहन्छ ।

पोर्न साइट वा अश्लील सामग्री हेर्ने बानीले दिमागमा समेत असर गर्ने बताइन्छ । मेडिकल डेली रिपोर्टका अनुसार पोर्न साइट हेर्ने बानी भएपछि मान्छेको मतिष्क धेरैजसो समय यौनजन्य कुराले ओगट्न थाल्छ । एक रिसर्च अनुसार यस किसिमको फिल्म हेर्न थालेपछि डोपामाइन हर्मोन निर्माण तिब्र हुन्छ, जसले कामेच्छा (सेक्स ड्राइभ) बढाउँछ । यो हर्मोन न्यूरो ट्रान्समिटरको रुपमा काम गर्छ । अहिले किशोरपुस्ता यौन सामग्रीमा बढी रुचि राख्छन् । उनीहरुका लागि यसको पहुँच पनि सहज छ । एक रिसर्चअनुसार करिब ७० प्रतिशत किशोर यौनजन्य सामग्री हेरिरहेका हुन्छन् । उनीहरुमा यौनजन्य सामग्री हेर्ने उत्सुकताले मस्तिष्कको विकासमा असर पुग्छ ।

पोर्न साइट वा अश्लील सामग्री हेर्ने बानी भएपछि त्यसको सबैभन्दा खराब प्रभाव उनको आनीबानीमा पर्छ । जस्तो कि, यस किसिमको लत भएकाहरु एकान्तमा बस्न रुचाउँछन् । साथीमाझ घुलमिल हुने, रमाइलो गर्ने गर्दैनन् । एक्लै बस्ने, एकान्त खोज्ने गर्छन् । जब उनीहरुलाई यस्तो अनुकूलता मिल्छ, तब यौनकै बारेमा सोच्न थाल्छन् । यसबाट के हुन्छ भने उनीहरु पारिवारिक र सामाजिक जीवनबाट टाढा हुन्छन् ।

# यौन क्रियामा फोरप्लेको महत्व



सेक्सका दौरान फोरप्ले अर्थात् अगाडि गरिने क्रिया महत्वपूर्ण हुन्छ । फोर प्लेबाट सेक्समा आफसेआफ नवीनता आउँछ र सम्बन्धमा पनि प्रगाढता आउँछ । सेक्सका असली आनन्द तबमात्र आउँछ, जब पति पत्नीको आपसी सम्बन्ध भावनात्मक हुन्छ । सेक्सलाई शारीरिक जरुरतमात्र नसम्झिएर त्यसलाई पूर्णरुपमा आनन्द उठाउनुपर्छ । यसका लागि सेक्सअघि फोरप्ले जरुरत हुन्छ ।

हतारमा शरीरको आवश्यकता पूरा गर्ने हिसाबले केही मिनेटमै स्खलित भएर विपरित दिशामा सुत्ने बानीले पत्नीमा सेक्सप्रति अरुचि पैदा हुन सक्छ । त्यसैले सेक्सको भरपूर आनन्द उठाउन फोरप्ले आवश्यक हुन्छ ।

फोरप्लेबाट दुबैजनाको सेक्सग्रन्थी खुलेर पूर्णरुपमा क्रियाशील हुन्छ । अधिकांश पुरुष फोटो देख्दामात्र, स्पर्शमात्र गर्दा या कल्पनामात्र गर्दा पनि उत्तेजित हुन्छन् । अर्थात् चाँडै नै उत्तेजित हुन्छन् । तर, महिलाहरु यसरी चाँडै उत्तेजित हुँदैनन् । उनीहरुलाई उत्तेजित गर्न सही वातावरण, समय र कामक्रिडाको जरुरत हुन्छ ।

महिलालाई उत्तेजित गर्न फोरप्ले जरुरी पर्छ । फोरप्लेमार्फत् महिलाको यौनाङ्ग या शरीरलाई छोएर, चलाएर वा चुम्बन गरेर महिलामा सेक्सको चेतना भरपूरमात्रामा जागृत गर्न सकिन्छ । जो पुरुष सेक्सका दौरान फोरप्ले गर्छन्, महिलाहरु उनीहरुलाई आफ्नो आलिंगनबाट बाहिर जान दिँदैनन् । पुरुषले चाहने हो भने महिलालाई फोरप्लेमार्फत् नै चरम उत्तेजना दिनसक्छ ।

**साहित्य**

# विदेशमा जादू !

## लघुकथा

**✍ बलदेव भट्टराई**

परदेशको काम यस्तै हो । दिनभरी घोटियो, जश कहिले पाउने होइन । बिहान सात देखि साँझ सात सम्मको ड्युटी सकाएर के. बी. कोठामा पुग्छ र थकाइ मार्न ओछ्यानमा पल्टिन्छ । सम्झिन्छ घरमा सिन्को नभाँचेको कुरा र आउँछ श्रीमतीको याद ।

तीन वर्ष जस्तै भयो, ऊ विदेश गएर काम गर्न थालेको । १२ घण्टा दिनमा काम बजायो , दिउँसो एक घण्टा खाने फुर्सद मात्र हो । नभए खुट्टा बिसाउन पाउने होइन । अलिकति थकाइ मार्न खोज्नह साहू र आफूभन्दा माथिका कामदारको आँखा छल्न सके मात्र हो , नत्र बर्सिन्छ गालीको पर्रो । भन्नै नमिल्ने। कहिले काहीं त दिक्क नलागेको पनि होइन उस्लाई । तर हुँदाखँदाको यत्ति धेरै पैसाको काम छोडेर घर जान नसकेर मात्र हो । हुन त घर, देश सम्झ्यो झन दिक्क लागेर आउँछ । जहिले ईन्टरनेटमा समाचार का साइट खोल्यो कि बन्द-हड्ताल, मर्ने-मार्ने, चोरी-डकैती र नेताका फुस्रा भाषण बाहेक केही देखिने होइन । त्यसैले चित्त बुझायो, काम गऱ्यो ।

केही गर्दा पनि हालत उँभो लागेन देशमा उस्को । ब्यापार गऱ्यो , त्यतै घाटा । जागिर गऱ्यो, दुई छाक खान र एक सरो लाउन नपुग्ने । त्यसैले ऊ एक पल्ट त जादू सिक्न काली बाबाको आश्रम पनि धाएकै हो । सबैतिर हरेश खाएर ऊ विदेश हानिएको थियो ।

कारखानाको काम छुटेपछि उस्ले नयाँ काम थालेको पनि हप्ता दिन बित्न लागेको छ । घरमा काम फेर्ने कुरा भएपछि कुरा हुन पाएको थिएन, उसको ।

त्यसैले आज ऊ फोन गर्ने निधो गर्छ र मोबाइलको बटन थिच्छ । 'सञ्चै हुनुहुन्छ ?' उही पारिचित आवाज । सन्चो-विसन्चो आदि । अनि श्रीमतीले सोधेकी थिइन , अहिलेको कामका बारे । उनले अलि गम्भिर हुँदै भने -राम्रै छ, जादू गर्छु दिनभर र पैसा बटुल्छु डलरमा । उनी अचम्म परिन र सोधिन-साँञ्चै त्यता पनि जादू हेर्छन र मान्छेले ? हाँस्दै उस्ले भन्यो - 'किन नहेर्नु मेरो जादू जो छ !' 'कस्तो जादू चल्छ त त्यता' फेरी जिज्ञाशा । जबर्जस्ती हाँसो मिसाएर उनले भने-'बीस-बीस इट्टा र सिमेन्टका भारी , दुई-दुई मिनटमै दश-दश तला माथि पुर्याइदिन्छु । ठेकेदार दङ पर्छ र दिनको तीन हजार ने.रु. फाल्छ । गजब छैन त मेरो जादू '

यत्तिकैमा फोनमा अर्को आवाज सुनिन्छ, मिठो गरी-'यु डु नट ह्याभ इनफ क्रेडिट, प्लिज ...

## कविता

# तरूण...

**✍ मकुम राई**

हे युगका युवा, जाग उठ सलाम
खम्वीर योद्धाहरु हो, जुट तोड लगाम
बिडम्बना ! अफ्सोच !
जब फिल्टर देखि सालबिडें सम्मा ठुटा-ठुटा हुन्छ
जब कडा देखी नरम सम्म थुप्रै बोत्तलहरु
रित्तिन्छन्
अफ्सोच ! कोरिन्छ दर्जा
बेफ्वाँक ! टुट्छ उर्जा
फूल एक बासना अनेक
भुल एक तृष्णा अनेक

जब नशा भाङ, कोक्टेलसँगै
स्वार्णिम धरहरा डुब्न थाल्छ
जब आकाश धमिलिन थाल्छ
तब आफ्नै छविले जलाउन थाल्छ
भित्र भित्रै पगाल्न थाल्छ
अनि लेखिन्छ यी दर्जा
जीवन एक दर्जा अनेक
एकै ड्याङ्गो मुलो
सानो ठुलो,टर्रो पिरो

जब जिन्दगीका प्यालाहरु
एक-एक सिद्धिन्छन् क्रमश:
अनि सबै सुरा-परा
नतमस्तक लाचार सुहागरात सुरुहुन्छ
अनि लेखिन्छ यहाँ दर्जा अनेक
उर्बरा उर्जा अनेक
हो, त्यो बयस्क
हो, बेफ्वाँक ! ऊ त्यो युवा
यो युग अनि युवा ।

# युवावस्थामा लागेको प्रेमको मात विवाहपश्चात् किन उत्रिन्छ ?

रहिमन धागा प्रेम का, मत तोरो चटकाय । टूटे पे फिर ना जुरे, जुरे गाँठ परी जाय ।।

अर्थात् रहिम भन्छन् कि प्रेमसम्बन्ध सान्है कोमल हुन्छ । यसलाई झटका दिएर तोड्नु उचित हुँदैन । प्रेमको धागो एक पटक चुँडिएपछि पुन: जोड्न कठिन हुन्छ र जबर्जस्ती जोडिएछ भने पनि गाँठो पर्छ ।

प्रेम एक सुन्दर अनुभव हो, जसलाई शब्द बयान गर्न असम्भवप्राय: छ । सामान्यत: के देखिन्छ भने युवावस्थामा लागेको प्रेमको मात विवाहपश्चात् तीव्र रूपले उत्रन थाल्छ । हातमा हात अनि साथमा साथ राखेर सगै मर्नेबाँच्ने कसम लिनेहरू एकअर्कालाई फुटेको आँखाले समेत हेर्न चाहँदैनन् । खासमा के हुन्छ भने, विवाहपछि सम्बन्धले सामाजिक मान्यताका साथै कानुनी अधिकारसमेत प्राप्त गर्छ । नवविवाहित जोडीमा एकअर्कासँगको चाहना एवं अपेक्षा वृद्धि हुन थाल्छ । उनीहरू आफू उस्तै रहन्छन् तर जोडीचाहिँ आफूजस्तै बनोस्, आफूअनुकूल परिवर्तित होस् भन्ने चाहना राख्छन् ।

व्रिटिस सिर्च एजेन्सी जिन्जरको नवविवाहित जोडीमाथि गरिएको एक सर्वेक्षणबाट अनेकौं रोचक तथा अचम्मलाग्दा तथ्य बाहिर आए । रिलेसन एक्सपर्ट एवं साइकोलोजिस्ट डोना डाउसन भन्छिन्- यो अनुसन्धानबाट थुप्रै अचम्मलाग्दा कुरा बाहिर आए, जसबाट नवविवाहित जोडीमा परस्परको प्रेम कुन हदसम्म आवश्यक हुन्छ भन्ने थाहा पाइन्छ । महिलाका तुलनामा पुरुषलाई जीवनसाथीबाट स्नेहको चाहना बढी हुन्छ । विवाहपछि श्रीमती आफ्ना श्रीमानले विवाहअघि भएका सबै खराब आचरणको त्याग गरून्, कुनै कुरामा बेखुसी नबनून् र आफ्नो कुरा ध्यानपूर्वक सुनून् र आफ्नो तारिफ गरि दिऊन् भन्ने चाहन्छिन् ।

श्रीमान् पनि श्रीमतीलाई उनले गरेभन्दा बढी प्रेम गर्न चाहन्छ । ऊ के पनि चाहन्छ भने आफ्नी श्रीमती अरूका श्रीमतीका तुलनामा ग्ल्यामरस देखियून् । कुनै पनि श्रीमान् आफ्नी श्रीमतीलाई अन्य महिलाभन्दा स्मार्ट बनाउन चाहन्छ । थकित-थकित, कान्तिहीन तथा पीडाले सताएजस्ती देखिने श्रीमती कुनै पनि श्रीमान्को सपनामा आउँदैनन् तसर्थ हरेक श्रीमान् जीवनसाथीलाई हरहमेशा तरोताजा एवं चुस्तदुरुस्त देख्न चाहन्छन् । विवाहपछि तुरुन्तैजस्तो उनीहरू एकअर्कामा धेरै कुराको परि वर्तन चाहन्छन् । यस्ता परिवर्तन सम्भव हुन कठिन भएकाले उनीहरू दुवैलाई खिन्नता मात्र हात लाग्छ । पछि-पछि त उनीहरूलाई एकअर्काको सामीप्य पनि झिँजो लाग्न थाल्छ ।

**अचम्मको गुनासो**

विवाहपछि श्रीमान्श्रीमती दुवै एकअर्कामा परिवर्तन आओस् भन्ने चाहन्छन् तर सँगै के पनि अचम्मलाग्दो कुरा छ भने कतिपय दम्पतीले भनेको सुनिन्छ- 'तिमी पहिले त यस्तो थिएनौ, विवाहपछि तिम्रो व्यवहार निकै फेरिएको छ'

यसमा लुकेको गाँठी कुरो के भने विवाहपछि सँगै बस्न थालेपछि दम्पतीलाई एकअर्काको विषयमा थुप्रै नयाँ कुरा थाहा हुन थाल्छ, जुन कुरा उनीहरूले विवाहअघि थाहा पाएका हुँदैनन् । जीवनसाथी अबेरसम्म सुत्नु, ढिलो गरी नुहाउनु, पछि गरुँला नि भनेर काम पर सार्नु, बाह्य सम्बन्धलाई बढी महत्व दिनु, आफ्नो कोठा ताथ सामान लथालिङ्ग राख्नु आदिजस्ता कुरामा जीवनसाथीबीच मनोमालिन्य हुन थाल्छ । कतिपय भने विवाहअघि सम्भावित जीवनसाथीलाई प्रभावित तुल्याउने उद्देश्यले त्यस्ता कामसमेत गरिदिन्छन् जुन कुरा कहिल्यै गर्दैनथे । फलस्वरूप विवाहपछि जब ऊ आफ्नो वास्तविक स्वरूपमा फर्कन्छ त्यतिखेर जीवनसाथीलाई लाग्छ कि ऊ विवाहपछि बदलिएको छ ।

**पहिले त यस्ता थिएनौ**

रविनकी प्रेमिका सुधालाई विवाहपछि नै रविनको थुप्रै बानीहरू थाहा भयो जुन उनलाई अलिकति पनि मन परेन । विवाहअघि सुधाले रविनलाई जतिबेला भेट्दा पनि टिपटप देखेकी थिइन् । उनले यस्तो टिपटप भएर हिँड्ने व्यक्ति घरमा सरसफाइमा ध्यान दिने तथा सफासुग्घर बस्छ होला भन्ने थियो तर वास्तविकता त्यस्तो थिएन । रविन सुधालाई प्रभाव पार्नकै लागि मात्र स्मार्ट बनेको थियो । यथार्थमा रविन एकडेढ हप्तामा मात्र नुहाउँथ्यो, वाथरुम प्रयोगपछि फ्लससमेत गर्दैनथ्यो भने आफ्नो कोठा तथा वार्डरोबको सफाइमा समेत ध्यान दिँदैनथ्यो । उसको बानी देखेर देखेर सुधा भन्थी-तिमी कति बदलिएका छौ । पहिले त यस्ता थिएनौ ? यस्तै कुरामा उनीहरूका बीच चर्काचर्की पर्थ्यो जुन कहिलाकाहीँ त हात हालाहालमा समेत परिणत हुन्थ्यो ।

**परिवर्तनको जड परिस्थिति**

वास्तविकता के हो भने विवाहपछि केही पनि परिवर्तन हुँदैन । न त श्रीमान् श्रीमतीको सोच, न व्यवहार न रहनसहन । बीचमा केही गरी कुनै परिवर्तन देखा पऱ्यो भने त्यसको जड हुने गर्छ-परिस्थिति । यस्तो परि वर्तन जीवनमा अचानक हुने गर्छ, जुन परि वर्तित परिस्थितिसँगै प्राकृतिक रूपले व्यक्तिको स्वभावको हिस्सा हुने गर्छ ।

पहिले जसलाई केवल व्यक्तिगत जीवनसँग सरोकार थियो, स्वतन्त्र बाँच्ने बानी लागेको थियो, अब विवाहपछि परिवारको रूपमा परिवर्तित भएसँगै व्यक्तिमा थुप्रै किसिमका नयाँ पारिवारिक जिम्मेवारीहरू पनि जोडिन थाल्छन् । यदाकदा समय एवं उचित व्यववस्थापनको कमीले पनि उसलाई आफ्नो जीवनसाथीको दृष्टिमा खरो उत्रन दिँदैन, फलत: जीवनसाथी आफूलाई उपेक्षा गरिएको ठानेर एकअर्काको गुनासो गर्न थाल्छन् ।

**समझदारी आवश्यक**

थोरै मात्र पनि आपसी तालमेल भयो भने नवविवाहितहरूको सम्बन्धमा नवजीवन भरि न थाल्छ । केही त्यस्ता कुरा छन् जसलाई अँगाल्न सके नवदम्पती जीवनभर एकअर्काको सुखदु:खमा रमाएर सन्तुष्ट जीवन बाँच्न सक्छन्:

-कोही पनि सर्वगुणसम्पन्न हुँदैन । यसकारण आफ्नो जीवनसाथीलाई उसको कमजोरीका साथ स्वीकार्नु आवश्यक छ । सकारात्मक प्रयास गर्ने हो भने क्रमश: जीवनसाथीको कमी कमजोरीलाई हटाउन सकिन्छ ।

-जीवनसाथीमा सकारात्मक परिवर्तन आएको हेर्ने चाहना छ भने प्रेमको सहारा लिन सकिन्छ । क्रोध, रिस एवं जबरजस्ती आपसी सम्बन्धलाई जरैबाट निर्मूल पार्ने तत्व हुन् भने प्रेम अमृत हो ।

-जीवनसाथीप्रति विश्वास गर्नुपर्छ, आफू ऊप्रति संवेदनशील भएको र सदैव ख्याल राख्छु भन्ने कुरा दर्शाउनुपर्छ । बेलामौकामा उपहार दिएर पनि यस्तो भावना प्रदर्शित गर्न सकिन्छ । जीवनसाथीका लागि कुनै पनि निर्जीव वस्तुको तुलनामा आफ्नो जीवनसाथीले आफूप्रति व्यक्त गरेको प्रेमभाव तथा सम्मान बढी महत्वपूर्ण हुन्छ ।

-कुनै पनि कुरा लुकाएर गर्न खोज्नु वा झूटो बोल्नु आपसी सम्बन्धमा बन्चरो प्रहार गर्नु हो । आफूबाट गल्ती नै भइहालेछ भने पनि जीवनसाथीसँग इमान्दारीपूर्वक सत्य बोल्नु तथा सम्बन्धमा पारदर्शिता अँगाल्नु राम्रो हुन्छ ।

-जीवनसाथीका बीच सामान्य ठाकठुक पर्नु सामान्य हो, आगो बल्नका लागि पनि अगुल्टो ठोस्नैपर्छ, तर 'लोग्नेस्वास्नीको झगडा परालको आगो' भन्ने उखानलाई आत्मसात् गर्नुपर्छ । रिसाएको जीवनसाथीलाई खुसी पार्ने प्रयास छोड्नुहुँदैन ।

-विवाह भइसकेपछि प्रेमको लक्ष्य पूरा भयो भन्ने सोच्नु गलत हुन्छ, यो त एउटा विश्राम मात्र हो । जीवनसाथीका साथ पूरा यात्रा तय गर्न त बाँकी नै हुन्छ तसर्थ परस्परमा खुसी बाँड्ने प्रयास जीवनभर जोड्नु हुँदैन ।

-नातेदारको कुरालाई लिएर द्वन्द्वको स्थिति सिर्जना हुन दिनु हुँदैन, आआफ्ना परिवार लाई सही साबित गर्नतिर लाग्दा र अरूको उचित मूल्यांकन नगर्दा द्वन्द्वको स्थिति पैदा हुन्छ ।

-जीवनसाथीका बीच आफूलाई उत्कृष्ट साबित गर्ने अस्वस्थ प्रतिस्पर्धा हुनुहुँदैन । यो यस्तो सम्बन्ध हो जहाँ प्रतिस्पर्धा गर्नु प्रीतिकर हुँदैन अपितु अनिष्टकारक हुनसक्छ । तसर्थ जीवनसाथीको भावनाको सम्मान गर्नुपर्छ । सरी, प्लिज, धन्यवादजस्ता शब्दलाई पर्याप्त स्थान दिनुपर्छ जसले जीवनसाथीको सम्बन्ध ओजपूर्ण तुल्याउन सहयोग गर्छ ।

-जीवनसाथीको सानातिना गल्तीप्रति आँखा चिम्लनुपर्छ । अनावश्यक शंका गरेर लज्जित पार्ने वा हुने क्रियाकलाप त्याग्नुपर्छ । विवाह दुई आत्माको प्रेमपूर्ण बन्धन हो भन्ने कुरा कदापि भुल्नुहुँदैन र यो सम्बन्धमा भ्रम र अहम्लाई कुनै स्थान दिनुहुँदैन ।

-विवाहपछि आएको परिवर्तनलाई लिएर तिललाई पहाड बनाएर विवाद सिर्जना गर्नुहुँदैन, बरु हरेक परिवर्तनलाई बुझेर, त्यसको कारण ठम्याउनतर्फ लागेर त्यसलाई स्वीकार गर्नुपर्छ । समय-परिस्थितिअनुसार आफूलाई लाने प्रयास गर्दा दुवैको जीवन सुखद् हुन्छ । एकअर्काको सानातिना गल्ती माफ गर्दै हाँसीखुसी जीवन बिताउनु नै सफल दाम्पत्य जीवन हो ।

# सुकुम्बासी बस्तीविरुद्ध उठेका बालेनको पक्षपोषण गर्न बन्यो समिति



काठमाडौं/राष्ट्रिय भूमि आयोगमा शुक्रबार आयोगका उपाध्यक्ष नहिन्द्र खड्का र उपत्यकाबासी व्यवस्थापन तथा सहयोग, संघर्ष समितिबीच वादविवाद भयो । छलफलको क्रममा असामान्य स्थिति पैदा भएपछि प्रहरी समेत आयोगको प्राङ्गणमा छिरेको थियो ।

समितिले बागमती नदी किनारमा रहेका अव्यवस्थित बसोबासीहरु हटाउनुपर्ने भन्दै भूमि आयोगले हस्तक्षेप नगर्न भन्दै 'नसिहत पत्र' बोकेर आयोग पुगेको थियो । समितिले बागमती नदी किनारमा भएका सबै अव्यवस्थित बस्ती हट्नुपर्ने भन्दै खोला किनारमा अनधिकृत बस्तीको कारण यहाँका स्थानीयबासी त्रसित भएको बताएको थियो ।

समितिले अधिकार सम्पन्न बागमती एकीकृत विकास समिति बागमती नदी स्वच्छ बनाउन क्रियाशील रहेको भन्दै उसको योजनामा भूमि आयोगले किन हस्तक्षेप गरेको भन्दै आक्रोश व्यक्त गरेको थियो ।

अव्यवस्थित बस्तीहरु आपराधिक गतिविधिमा संलग्न रहेको भन्दै समितिले आयोगलाई प्रश्न गरेको थियो, 'खोला किनारमा अनधिकृत बस्ती बसाएर के यहाँका स्थानीय उपत्यकाबासीलाई डर त्रास देखाई भोट बैंकको रुपमा राजनैतिक प्रयोग गर्ने उद्देश्यले अतिक्रमण गरिएको हो ?' आयोगमाथि खनिएको समितिले 'आयोगको सिफरिसमा सार्वजनिक सम्पत्ति अतिक्रमण गर्न पाउँछ ?' भन्दै उत्तर दिन माग गरेको छ ।

समितिको तर्फबाट बुझाएको पत्रमा आयोगलाई सोधेको 'खोला किनारमा बसोबास गरेका अनधिकृत बस्तीमा काठमाडौं जिल्लाबाटै नागरिकता पाउने व्यवस्था कसले गयो ? सरकारी जग्गा, प्रति जग्गा, ऐलानी जग्गा राज्यसँग प्रशस्तै छन् तर सार्वजनिक जग्गा अतिक्रमण गर्नुमा भूमि आयोग जिम्मेवार हो ? उपत्यका वासीको सवालमा यहाँको उपत्यकाका भूमिहीन सुकुम्बासीको तथ्याङ्क के कति छन्, भूमि आयोगसँग ?

विश्व सम्पदा सूचीमा रहेको उपत्यकामा मानवीय सभ्यताको मेरुदण्ड बागमती खोला सफा, सुन्दर र स्वच्छ राख्न सबै ३ करोड नेपाली जनताको कर्तव्य र दायित्व हो भूमि आयोगले यो दायित्वबोध गर्छ कि गर्दैन ?

खोला किनारमा अनधिकृत बस्तीको कारण यहाँका अरुबासन्दिा त्रसित हुनका साथै आपराधिक गतिविधिमा अधिकतम संलग्नता रहेको पाइएको छ यो भूमि आयोगलाई जानकारी छ वा छैन ? समितिका संयोजक पृथविन्दु महर्जनले भूमि आयोगको हस्तक्षेपको कारण बागमती नदी किनारको अव्यवस्थित बसोबासीलाई हटाउन नसकिएको बताएका छन् ।

**"आयोगले आफ्नो काम गरिरहेको छ"**

आयोगका उपाध्यक्ष नहिन्द्र खड्काले आयोगले हस्तक्षेप गरेर बस्ती नबसाएको भन्दै अस्थायी समाधान दिएर हटाउन नहुने बताएका थिए । उनले भूमि आयोगले आफ्नो हिसाबमा काम गरिरहेको भन्दै कसैलाई पनि भूमिहीन हुन नदिने बताएका थिए ।

उनले आयोगले स्थानीय तहले गनुपर्ने काम नगरी सिधै हटाउन जान नमिल्ने भन्दै महानगर प्रति रोष प्रकट गरेका थिए । 'आयोगले गर्नुपर्ने काम आफ्नो ठाउँबाट गर्छ, स्थानीय तहले लगत संकलन गरेर सक्कली नक्कली सुकुम्बासी छुट्याएर पुर्जा वितरण गर्छ,' खड्काले भूमि आयोगले गरिरहेको कामको बारेमा समितिलाई सुनाएका थिए । जवाफमा समितिले सुकुम्बासी हटाउने राख्ने कुरा नगरको भन्दै बागमती नदी किनार खाली सफा हुनुपर्ने भनेपछि वादविवाद भएको थियो ।

**के हो समिति ?**

काठमाडौं महानगर पालिकाका मेयर बालेन्द्र शाह (बालेन) ले मंसिर १२ गते थापाथलीस्थित बागमती नदी किनारमा रहेको सुकुम्बासी बस्तीमा डोजर चलाउँदा भएको प्रतिकारपछि बालेनको समर्थन गर्न समिति निर्माण भएको एक सदस्यले जानकारी दिए ।

१९ जना कार्यसमिति रहेको यो समिति भने बालेनको समर्थन गर्नको लागि ललितपुरका पूर्व स्वतन्त्र वडाध्यक्ष नरसिंह व्यञ्जनकारका छोरा कुमारको डिजाइनमा बनेको बुझिएको छ ।

'कुमार व्यञ्जनकार अहिले मेयर बालेनको सचिवालयमा पनि छन् । स्वतन्त्र भएर काम गर्न असहज भएपछि नरसिंह व्यञ्जनकार लाई सोधेर समिति अगाडि बढाउन थालिएको हो', समितिका एक सदस्य भन्छन्, 'यसले बालेनको काममा काठमाडौंको रैथानेको पनि समर्थन छ भनेर देखाउन मद्दत पुग्ने बालेनको सचिवालयको रणनीति हो, तर हामीले राम्रो कामको मात्रै समर्थन गर्ने गरेका छौं ।'

महानगरविरुद्ध सुकुम्बासी बस्तीका बासिन्दा, विभिन्न संघ संस्थाले मंसिर १३ गते प्रदर्शन गरेपछि समितिले पनि १९ मंसिरमा महानगर अगाडि प्रदर्शन गरेर मेयर बालेनलाई आफ्नो समर्थन रहेको भन्दै ढुक्क भएर काम गर्न अनुरोध गरेको थियो ।

सोही समयमा समितिले महानगरमा ध्यानाकर्षण बुझाउँदै भनेको थियो 'कथित सुकुम्बासीको घर टहरा हटाइ, राजधानीको सौन्दर्य, शान्ति र मैत्री वातावरण सिर्जना गर्न महानगर एक इञ्च पनि पछि नहटोस् ।' समितिका सहसंयोजक अशोक बज्राचार्यका अनुसार मंसिर ३० गतेबाट समितिले औपचारिक रुपमा काम गरेको हो ।

उनले काठमाडौं महानगरपालिकामा मात्रै उपत्यकाकै बासिन्दाको हकहितको लागि समितिले काम गर्ने बताए । 'एमसीसी परि योजनाको कारण ललितपुरमा भएको स्थानीय माथिको दमन, काठमाडौंको ठमेलमा पोखरी पुरेर बनाएको छायाँ सेन्टर, बालाजु बाइपासमा सडक विस्तार गर्दा परेको समस्याको विषयमा पनि हामीले आवाज उठाउँदै आएका छौं', बज्राचार्य भन्छन्, 'उपत्यकामा समस्या हुँदा हामी चुपचाप बस्दैनौं, बागमती नदीको सभ्यता माथि समस्या हुँदा पनि चुप लागेर बस्न मिल्दैन ।'

समितिका अर्का सदस्य महेशरत्न बज्राचार्यले सार्वजनिक जग्गा उपत्यकाकै समुदायको जग्गा बताएका छन् । उनी भन्छन्, 'बागमती नदीमा काठमाडौंको मान्छेले सार्वजनिक भनेर छोडेर घर बनाएको ठाउँमा अनधिकृत बस्ती बसाउँदा आयोगले संरक्षण गर्दै आएको हाम्रो विरोध त्यही हो ।'

उनले महानगरका मेयर बालेनले सुकुम्बासी बस्ती खाली गर्न जाँदा गृह मन्त्रालय मुकदर्शक भएको आरोप लगाए । 'हामीले के बुझ्यौं भने बालेन स्वतन्त्र भएकोले सबै राजनीतिक दल एक भएर असफल बनाउन लागि लागिपरेका छन् । त्यही भएर स्वत:स्फुर्त हिसाबले तीनै जिल्लाका मान्छे एकजुट भएर आएका हौं', बज्राचार्यले भने ।

*(स्रोत: अनलाइनखबर)*

# बृहत शैक्षिक प्रदर्शनी तथा साँस्कृतिक कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ हेटौंडामा बृहत शैक्षिक प्रदर्शनी तथा साँस्कृतिक कार्यक्रम भएको छ ।

हेटौंडा उपमहानगर पालिका ४ नम्बर वडाको आयोजना तथा शैक्षिक गुणस्तर सुधार समिति हेटौंडा-४ को व्यवस्थापनमा शुक्रबार हेटौंडामा बृहत शैक्षिक प्रदर्शनी तथा साँस्कृतिक कार्यक्रम भएको हो । हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा बिहानदेखि बेलुकासम्म भएको कार्यक्रममा वडाका निजी तथा सरकारी विद्यालय र क्याम्पसका विद्यार्थी, शिक्षक, अभिभावकसहितको सहभागितामा रहेको थियो ।

कार्यक्रममा वडा नम्बर-४ मा रहेको हेटौंडा क्याम्पसदेखि सामुदायिक र संस्थागत विद्यालयहरुले शैक्षिक प्रदर्शनी गरेका थिए । जसमा गणित, विज्ञान र सामाजिक अध्ययन विषयका सामग्रीहरु प्रदर्शनीका लागि राखिएको थियो । कार्यक्रमको उद्घाटन गर्दै बागमती प्रदेशका आर्थिक



मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले यस्ता प्रदर्शनीले शिक्षाको गुणस्तर सुधार गर्नमा सहयोग पुग्ने बताए । उनले विद्यार्थीको क्षमता वृद्धि विद्यालयका ठूला भवनले मात्र नहुने र यस्ता कार्यक्रमले हुने बताए ।

प्रदर्शनीमा विद्यार्थी आफैंले निर्माण गरेका सामाग्री राखिँदा विद्यार्थीमा एक अर्कामा प्रतिस्पर्धाको भावना सृजना हुने बताए । कार्यक्रममा प्रदेशको सामाजिक विकास मन्त्रालयका सचिव रामशरण सापकोटाले शिक्षण सिकाइमा राम्रो गर्नका लागि यस कार्यक्रमले सहयोग पुग्ने बताए । हेटौंडा-४ का वडा अध्यक्ष नविन सिग्देलले शिक्षामा गुणस्तर सुधारका लागि असल र रचनात्मक प्रयत्न गरिएको बताए । कार्यक्रममा २६ वटा स्टल राखेर प्रदर्शनी गरिएको थियो ।

# बकैया कप फुटबलको तयारी पूरा

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ बकैया गाँउपालिकामा २२ माघदेखि सुरु हुन लागेको चौथो बकैया कप (पुरुष) नकआउट फुटबल प्रतियोगिताको तयारी सकिएको छ ।

बकैया गाँउपालिका खेलकुद विकास समितिका अध्यक्ष विजय लामा थिङले २२ माघदेखि २८ गतेसम्म हुने प्रतियोगिताको सबै तयारी पूरा भएको जानकारी दिए । थिङले खेल मैदान मर्मतदेखि दर्शकका लागि बस्ने स्थानको व्यवस्थापन भइसकेको बताए । प्रतियोगितामा बकैया गाउँपालिकाभित्रका १२ वटा वडाले प्रतिस्पर्धा गर्नेछन् । बकैया-७ स्थित भिरकोटको खेल मैदानमा हुने कपको खेल तालिकासमेत सार्वजनिक भएको छ । अध्यक्ष थिङका अनुसार २२ गते दिउँसो प्रतियोगिताको उद्घाटन खेलमा ७ र १० नम्बर वडाले प्रतिस्पर्धा गर्ने भएका हुन् । २३ माघमा एकै दिन तीन खेल रहेका छन् ।

प्रतियोगिताको बिजेताले नगद १ लाख ५० हजार र उपबिजेता हुने टिमले नगद १ लाखसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने अध्यक्ष थिङले जानकारी दिए । प्रतियोगिताभरको अनुशासित टिमले नगद १० हजार र ट्रफि प्राप्त गर्ने उनले बताए । प्रतियोगितामा प्रत्येक खेलको उत्कृष्ट खेलाडीसहित विधागत पुरस्कार पनि प्रदान गरिने जनाइएको छ । प्रतियोगितामा पालिका बाहिरका खेलाडी समावेश गर्न नपाइने नियम बनाइएको छ । बाहिरका खेलाडी समावेश गरेमा टिम प्रतियोगिताबाटै बाहिरिने र बकैया खेलकुद विकास समितिको आयोजनामा हुने आगमी प्रतियोगितामा सहभागी हुनबाट बञ्चित हुने नियम बनाइएको थिङले बताए ।

# मकवानपुरे खेलाडी 'ए' डिभिजन क्लबमा अनुबन्धित

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ मकवानपुरका फुटबल खेलाडी रोशन दोङ 'ए' डिभिजन फुटबल क्लव खुमलटारमा अनुबन्धित भएका छन् ।

हेटौंडा-७ न्युरेनी घर भएका दोङ आगामी फागुन १९ गतेबाट सुरु हुने शहीद स्मारक 'ए' डिभिजन फुटबल प्रतियोगिताका लागि अनुबन्धित भएका हुन् । दोङले विगतमा नेपाली राष्ट्रिय यु-१९ टोलीमा डिफेन्डरको रुपमा काम गरिसकेका छन् । उनले २०७६ सालमा इरानमा भएको एसियन फुटबल च्याम्पियनसीप यू-१९ र काठमाडौंमा भएको साफ यू-१८ च्याम्पियनसीप फुटबलमा नेपालबाट पनि खेलेका थिए । उनले ब्रिगेड ब्वाइज क्लबबाट पनि फुटबल खेलेका थिए । उनले विभिन्न गोल्डकप प्रतियोगितामा घरेलु मकवानपुर फुटबल टिम तथा अन्य टिमबाट समेत खेलेका छन् ।

# एमाले संसदीय दलको प्रमुख सचेतकमा पौडेल

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ बागमती प्रदेशको नेकपा एमाले संसदीय दलको प्रमुख सचेतकमा मधुसूदन पौडेल चयन भएका छन् ।

दलका नेता जगन्नाथ थपलियाले पौडेललाई प्रमुख सचेतकमा चयन गरेका हुन् ।

ललितपुर १ को १ बाट प्रत्यक्ष निर्वाचित पौडेल नेकपा माओवादी केन्द्रका हरि दाहाललाई पराजित गर्दै प्रदेशसभा सदस्यमा निर्वाचित भएका थिए । पौडेलले ११ हजार दुईसय ९९ मत प्राप्त गर्दा निकटतम् प्रतिद्वन्दी रहनुभएका दाहालले ८ हजार छसय ५६ मतमात्रै प्राप्त गरेका थिए ।

# राहदानी कसूरमा दोषी ठहरे निर्वाचन लड्न अयोग्य हुन सक्छन् रवि

काठमाडौं/सर्वोच्च अदालतको आदेशबाट पदमुक्त भएका निवर्तमान उप-प्रधानमन्त्री एवं गृहमन्त्री रवि लामिछाने गत आइतबार जिल्ला प्रशासन कार्यालय, काठमाडौंबाट नागरिकता लिएर तत्कालै गृह मन्त्रालयमा फर्कन खोजे । प्रधानमन्त्री पुष्पकमल दाहालले लामिछानेलाई तत्काल जिम्मेवारी दिन आनाकानी गर्दै आएका छन् ।

माओवादी केन्द्रका कतिपय नेताहरूले उनीमाथिको राहदानी दुरुपयोगको जाहेरी प्रहरीमा पुगेकाले उनलाई मन्त्रालय दिन नसकिने बताएका छन् । उनी विरुद्ध पेश भएको जाहेरी प्रहरीले दर्ता नगरी फर्काएको छ, तर वैकल्पिक उपायबाट दर्ता भएमा उनलाई राजनीतिक रूपमा नै संकट पर्ने देखिन्छ ।

'राहदानी दुरुपयोगको जाहेरी अलि गम्भीर प्रकृतिकै देखियो, प्रहरीले दर्ता नगरेकै कारण जाहेरी रोकिँदैन, सरकारी वकिलको कार्यालयमा पेश गरेर वा हुलाक मार्फत पनि दर्ता हुनसक्छ' महान्यायाधिवक्ता कार्यालय स्रोतले भन्यो, 'अलि गम्भीर प्रकृतिको यो मुद्दा अघि बढेमा लामिछानेलाई थप कठिनाइ हुने देखिन्छ ।'

पासपोर्ट सम्बन्धी व्यवस्थालाई नियमन गर्न पछिल्लो पटक २०७६ सालमा राहदानी ऐन जारी भएको छ । तर, लामिछानेले २०७३ सालमा अमेरिकाको नागरिकता कायम भएको बेला आफू नेपाली नागरिक रहेको भनी गलत विवरण पेश गरी त्यसका आधारमा पासपोर्ट लिएकाले उनको हकमा पुरानो राहदानी ऐन, २०२४ आकर्षित हुने एक सरकारी वकिलले बताए ।

गत शुक्रबार सर्वोच्च अदालतको संवैधानिक इजलासमा सुनुवाइ भएको बेलामा न्यायाधीशहरूले लामिछानेले अमेरिकी नागरिकता कायम रहेका बेला नेपाली पासपोर्ट लिएको र पछि मात्रै अमेरिकी नागरिकता त्यागेको बारे प्रश्न गरेका थिए । जवाफमा कानुन व्यवसायीहरूले 'पासपोर्ट लिए पनि त्यसको प्रयोग नगरेको' भन्दै लामिछानेको प्रतिरक्षा गरेका थिए ।

लामिछानेले १० फागुन २०५० सालमा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट शुरुमा नागरिकताको प्रमाणपत्र लिएका थिए । अमेरिका पुगेको उनले २१ फेब्रुअरी २०१४ (तदनुसार ९ फागुन २०७०) मा त्यहाँको नागरिकता प्राप्त गरे । करिब तीन वर्षपछि ११ मे २०१५ (२८ वैशाख २०७२) मा उनी नेपाल फर्किए र १६ दिनपछि १३ जेठमा नेपाली पासपोर्ट लिए ।

उनी त्यतिबेला अमेरिकाको नागरिकता त्यागेका थिएनन् । 'कायम नभएको' नेपाली नागरिकता देखाएर आफ्नो अमेरिकी नागरिकता लुकाई पासपोर्ट लिएकोले उनीमाथि झुटो विवरण पेश गरेको आरोप लागेको हो ।

पुरानो ऐनको दफा ५ मा 'जानी-जानी झुट्टा विवरण दिई राहदानी प्राप्त गरेमा वा प्राप्त गर्ने उद्योग गरेमा' तीन वर्षसम्म कैद र तीसहजार रुपैयाँसम्म जरिवाना हुने भन्ने व्यवस्था छ । झुटो विवरण बुझाएर पासपोर्ट लिनु अहिले पनि दण्डनीय मानिएकाले लामिछानेको हकमा यो व्यवस्था अनुसार कारबाही अघि बढ्ने देखिने ती सरकारी वकिलले बताए ।

करिब ३ वर्ष १ महिनासम्म उनले एकसाथ अमेरिका र नेपालको पासपोर्ट साथमा राखेका थिए । ४ जेठ २०७५ मा अमेरिकी नागरिकता त्याग्ने निवेदन दिएका उनले ४० दिनपछि मात्रै त्यो प्रक्रिया पूरा भएको पत्र पाएका थिए ।

राहदानी ऐनमा भएको व्यवस्था अनुसार, त्यसको दुरुपयोग सम्बन्धी उजुरीमा सरकारी निकायले अनुसन्धान गर्न पाउँछ । अनुसन्धान अधिकारीले आवश्यक देखेमा तत्काल आरोपितलाई पक्राउ गर्न पाउने सुविधा समेत ऐनले दिएको छ ।

नयाँ राहदानी ऐनमा समेत झुटो विवरण दिई राहदानी लिन नहुने उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# हानगरबाट ६ महिनामा ५८१ फुटपाथ व्यवसायीलाई कारबाही

काठमाडौं/काठमाडौं महानगरपालिकाले नगर प्रहरी मार्फत फुटपाथ व्यवसाय हटाउने, 'नो पार्किङ' कारबाही, परिचय पाटी हटाउनेलगायतका काम गररिहेको छ ।

महानगरका मेयर बालेन्द्र शाह (बालेन)को चर्को आलोचनाको बाबजुद पनि ठुलो संख्यामा नगर प्रहरीले कारबाहीलाई निरन्तर अघि बढाएका छन् ।

काठमाडौं महानगरका अनुसार चालु आर्थिक वर्ष २०७९/०८०को ६ महिनामा सडक पेटीमा अनधिकृत व्यापार गर्ने ५८१ जनालाई कारबाही गरेको छ । यस्तै अनधिकृत पार्किङ् गर्ने ७ हजार ७३५ मोटरसाइकललाई जरिवाना तिराएको महानगर प्रहरी प्रमुख राजु पाण्डेले बताए । नगर प्रहरीले राजस्व विभागसँगको सहकार्यमा ९ हजार ८८५ वटा परिचय पाटी (साइन बोर्ड) हटाएको पाण्डेले बताए ।

पाण्डेका अनुसार चालु आर्थिक वर्षमा मात्रै सार्वजनिकस्थलमा निर्माण भएका ३२ वटा संरचना भत्काएको, ५२ वटा वेसमेन्ट पार्किङ् खाली भएको छ । यस्तै ६ महिनामा शहरी सुशासन विभागबाट ६५० वटा नक्सा पास भएका छन । ५२१ वटाले निर्माण सम्पन्न लिइसकेको छन् यस्तै ६३४ वटाको प्रमाणीकरण भएको छ ।

**अतिक्रमण रोकथाम महानगरको दायित्व**

काठमाडौं महानगर पालिकाका सूचना अधिकारी रहेका कानुन तथा मानव अधिकार विभागका निर्देशक वसन्त आचार्यले अनधिकृत निर्माण र सार्वजनिक सम्पत्तिको अतिक्रमण रोकथाम नियन्त्रण स्थानीय सरकारको जिम्मेवारी बताएका छन् । 'स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा काम कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था (दफा ११ अन्तर्गतका उपदफा) मा सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा र भौतिक पूर्वाधारको संरक्षण सुरक्षाको काम स्थानीय सरकारलाई दिइएको छ,' आचार्यले भने ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

**नेपाल रत्न हस्पिटल प्रा.लि.**
हेटौंडा उपमहानगरपालिका वडा नं. १, हेटौंडा
बागमती प्रदेश, मकवानपुरको

**प्रस्तावित अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धि सार्वजनिक सुनूवाई बारेको सूचना**

यस नेपाल रत्न हस्पिटल प्रा.लि.द्वारा हेटौंडा उपमहानगर पालिका वडा नं. १ चौकीटोल, हेटौंडामा प्रस्तावित अस्पतालको प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सुनूवाई कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने हुँदा उक्त अस्पताल आयोजनाको निर्माण तथा संचालनले त्यस क्षेत्रको वातावरणमा पर्नसक्ने प्रभावहरुका सम्बन्धमा राय सुझाव र प्रतिक्रिया लिन प्रस्ताव क्षेत्रमा स्थानीय बासिन्दा, सरकारी एवम् गैरसरकारी संघसंस्था, सम्बन्धित वडा प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, सरोकारवाला निकाय एवम् व्यक्तिहरुलाई कार्यक्रममा उपस्थित भई राय सुझाव एवम् प्रतिक्रिया पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**सार्वजनिक सुनुवाई हुने स्थान:** प्रस्तावित आयोजना स्थल, हेटौंडा-१, चौकीटोल (ओम नमोबुद्ध होटल नजिक)
**मिति:** २०७९ साल माघ २३ गते सोमबार
**समय:** बिहान १० बजे ।

साझाकुरा

**"तपाईं, हामी सबैको कुरा"**

कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।

हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।

प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत

साझाकुरा राष्ट्रिय दैनिक



वेबसाइटमा संसारभरबाट पढ्न सकिन्छ ।
www.sajhakuranews.com

# थाहानगर बृहत्त खानेपानी आयोजनाको काम तीव्र

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ खानेपानीको सहज पहुँचबाट बाहिर रहेका जिल्लाको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकाको ४ वटा वडामा छिट्टै पानी पुऱ्याउन खानेपानी आयोजनाको काम तीव्र पारिएको छ ।



थाहा नगरपालिकाको पूर्वप्रमुख लवशेर विष्टको कार्यकालमा छुट्टिएको पालुङ बृहत खानेपानी आयोजनाको कामलाई तीव्रता दिने कार्यमा प्रमुख विष्णुबहादुर विष्ट खटिएका छन् । मेयर विष्टले बृहत खानेपानी आयोजना निर्माणका सरोकारवालाहरुलाई कार्यकक्षमा बोलाएर भौतिक प्रगतिबारे जानकारी लिँदै काम छिटो सक्न निर्देशन दिएका छन् ।

बृहत्त खानेपानी आयोजनाको काम द्रुत गतिमा भइरहेको नगरपालिकाको सूचना अधिकारी सुरजकुमार भुजेलले जानकारी दिए । खानेपानी आयोजनाको निर्माण कम्पनी र थाहानगर प्रमुख विष्णुबहादुर विष्टबीच भएको छलफलमा कामलाई थप तीव्रता दिनेबारे प्राथमिकता दिइएको भुजेलले बताए ।

थाहा नगरपालिका वडा नम्बर १, २, ३ र ४ वडाका लागि निर्माण थालिएको पालुङ वृहत्त खानेपानी आयोजनाको करिब ३० प्रतिशत काम सम्पन्न भएको आयोजनाका सुपरभाइजर विकास लामाले जानकारी दिएका छन् । उनका अनुसार १ सय २३ किलोमिटर पाइपलाइन बिस्तार गर्ने सम्झौता भएकोमा ३१ किलोमिटर र ३७ पानी ट्यांकी तथा ट्रिटमेन्ट प्लान्ट निर्माण गर्नुपर्नेमा १३ वटा अन्तिम चरणमा पुगेको छ ।

दुई वर्षभित्र निर्माण सक्ने आयोजनाको लक्ष्य रहेको छ । छलफलमा गुणस्तरीय निर्माण सामाग्री प्रयोग गर्ने तथा छुट भएको गाउँलाई समेट्ने विषयमा पनि छलफल भएको जनाइएको छ ।

आयोजनाबाट छुट हुन पुगेका गाउँमा खानेपानी विस्तारका लागि तत्काल तथ्याङ्क संकलन गरी संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, नगरपालिका र निर्माण व्यवसायीबीच छलफल गरी निर्णयमा पुगिने नगर प्रमुख विष्टले बताएका छन् । 'अब छिट्टै तथ्याङ्क संकलन गरी बैठक बस्छौं, सबै नगरबासीलाई शुद्ध र गुणस्तरीय खानेपानीको व्यवस्था गरेरै छाड्छौं,' प्रमुख विष्टले भने । उनले आयोजनाको निर्माणलाई कुनै हालतमा रोक्नु नहुनेमा जोड दिएका छन् ।

# भारत र पाकिस्तानका लेखक हेटौंडा आउने

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ नवोदय शिशु सदन माविले आयोजना गर्न लागेको बाल कला-साहित्य महोत्सवमा भारत र पाकिस्तानका लेखक पनि हेटौंडा आउने भएका छन् ।

नवोदय शिशु सदन माविले आगामी शुक्रबार र शनिबार हेटौंडामा आयोजना गर्न लागेको बाल कला-साहित्य महोत्सवमा भारत र पाकिस्तानका लेखक आउने भएका हुन् । हेटौंडा उपमहानगर पालिकासँगको सहकार्यमा नवोदय शिशु सदन मावि, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट र काठमाडौं पब्लिकेसन्सको आयोजनामा हुने तेस्रो संस्करणको बाल कला-साहित्य महोत्सवमा भारतीय लेखक समिना मिश्र र पाकिस्तानी शिक्षाविद् रुमना हुसेनको पनि सहभागिता रहने आयोजक विद्यालयले शुक्रबार पत्रकार सम्मेलन गर्दै जानकारी दिएको छ ।

महोत्सव मूल आयोजक समारोह समितिका संयोजक सीएम रिमालले भारत र पाकिस्तानमा बालसाहित्यको प्रबर्द्धनमा भएका अभ्यास र नेपालको अभ्यासबीच तुलनात्मक अध्ययन तथा बुझाइका लागि सहयोग पुग्ने उद्देश्यले मिश्र र हुसेनलाई बाल कला-साहित्य महोत्सवमा निमन्त्रणा गरिएको बताए । विद्यार्थीमा पठन सँस्कृतिको विकास गर्ने मूल उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको रिमालको भनाइ छ ।

महोत्सवमा सहभागी हुने विद्यार्थीमा कला-साहित्यको सीप तथा सिर्जनात्मक क्षमता अभिबृद्धि हुने, स्थानीय कला-साहित्य, बाजागाजा र सँस्कृतिको पहिचान गराउँदै त्यसप्रति रुचि जगाउन, नवसर्जक र स्थापित सर्जकबीच अन्तर्क्रियाको अवसर सिर्जना गर्नुका साथै वौद्धिक जनशक्ति निर्माण गर्ने उनले बताए । उनको अनुसार करिब १५ लाख रुपैयाँ लागत अनुमान गरिएको महोत्सवमा विद्यार्थीले आफ्नो कला प्रस्तुतिकरण समेत गर्नेछन् । दुई दिनको कार्यशालामा तीन हजार पाँच सयभन्दा बढी विद्यार्थी, शिक्षक तथा अभिभावकसहित सरोकारवालाको सहभागिता रहने बताइएको छ । हेटौंडा-४, कमलडाँडास्थित नवोदय शिशु सदन मावि परिसरमा आयोजना हुने महोत्सवको पहिलो दिन १२ वटा विविध विषयमा फरक-फरक व्यक्तित्वले सहजीकरण गर्ने गरी कार्यशाला हुने रिमालको भनाइ छ ।

# पत्रकारको सुरक्षाका लागि सरकारले ५० लाख दिन्छ: मुख्यमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्मकट्टेलले प्रदेश सरकारले पत्रकारको सामाजिक सुरक्षाका लागि ५० लाख रूपैयाँ दिने घोषणा गरेका छन् ।



जम्कट्टेलले शुक्रबार नेपाल पत्रकार महासंघ बागमती प्रदेशको साधारणसभालाई दोलखामा सम्बोधन गर्दै पत्रकारको सामाजिक सुरक्षाको लागि प्रदेश सरकारले ५० लाख रूपैयाँ दिने घोषणा गरेका हुन् । श्रमजीवी पत्रकारको हकहित र सुरक्षाको लागि सरकारले ५० लाख रूपैयाँ बजेट विनियोजन गर्ने मुख्यमन्त्री जम्कट्टेलले बताए । उनले भने- 'श्रमजीवी पत्रकारहरुको सुरक्षाका लागि प्रदेश सरकार संवेदनशील छ । त्यसैले श्रमजीवी पत्रकारको सामाजिक सुरक्षा कोषको लागि प्रदेश सरकारले ५० लाख रूपैयाँ दिने घोषणा गर्छु ।'

जम्मकट्टेलले मिडिया र संचार जगत समाजको ऐना भएको बताए । साधारणसभाको उद्घाटनलाई सम्बोधन गर्दै मुख्यमन्त्री जम्मकट्टेलले मिडिया र संचार जगत ऐना भएको र यसले समाजमा देखिएका सकारात्मक र नकारात्मक ऐना जस्तै छर्लङ्ग पार्न सक्ने बताए ।

मुख्यमन्त्री जम्कट्टेलले देशमा आमूल परिवर्तन र संघीयता बलियो बनाउन संचार क्षेत्रको भूमिका महत्वपूर्ण रहेको भन्दै आफू बागमती प्रदेशको प्रथम सरकार गठन भएर कानुन मन्त्री रहँदा सञ्चार रजिष्ट्रार कार्यालय स्थापना गरी पत्रकार र पत्रकारिताको हक हितका लागि आवश्यक कदम चालेको सुनाए ।

उनले नेपालको स्विट्जरल्यान्ड मानिने जिरीको समग्र विकासका लागि स्थानीय सरकारसहितलाई सहयोग हुने गरी आवश्यक बजेट समन्वय गर्नेसमेत उद्घोष गरेका छन् । नेपाल पत्रकार महासंघ बागमती प्रदेशको तेस्रो साधारणसभा दोलखाको जिरीमा शुक्रबार सुरु भएको छ ।

# राष्ट्रपतिमा सघाए राष्ट्रिय सहमतिको सरकार: पोखरेल

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ नेकपा एमालेका महासचिव शंकर पोखरेलले एमालेले उठाएको राष्ट्रपति उम्मेदवारलाई विपक्षी दलले पनि सघाए राष्ट्रिय सहमतिको सरकार बन्ने बताएका छन् ।



हेटौंडामा शुक्रबार राष्ट्रिय युवा संघ नेपालको तेस्रो केन्द्रीय कमिटी बैठकको समापनलाई सम्बोधन गर्दै पोखरेलले गठबन्धनबाट एमालेले राष्ट्रपतिको उम्मेदवार उठाउने बताए । उनले एमालेले उठाएको उम्मेदवारमा सहमतिको खोजी गर्ने बताए ।

सत्तापक्षको तर्फबाट एमालेले उठाएको उम्मेदवारलाई प्रतिक्षमा रहेका दलहरुले साथ दिए भने राष्ट्रिय सहमतिको सरकार बन्ने पोखरेलले बताएका हुन् । उनले वर्तमान अवस्थामा राजनीतिक स्थायित्वमाथि चुनौती बढेको जिकिर गरे । समाजमा अराजकतावाद मौलाउँदै आएको र त्यसको सुरुवात व्यक्तिवादबाट भएको भन्दै उनले नेकपा एमाले यसको बिरोधमा रहेको बताए ।

समाज परिवर्तनको अभिभारा पूरा नभएको उनको भनाइ छ । बदलिँदो समाजलाई सुदृढीकरण गर्न उत्पादनमा जोड दिनु अपरिहार्य रहेको उनले बताए ।

सबै जनताको बिचमा एमाले पुग्न नसकेको कारण देशमा राजनीतिक भविष्य कोर्नमा एमालेले नेतृत्व गर्न नपाएको पोखरेलले बताए ।

राजनीतिक आन्दोलन आशावादी हुन नसकेमा त्यसमा आकर्षण नहुने भन्दै युवाको नेतृत्वले गर्ने आन्दोलन समूदाय, जिल्ला केन्द्रीय हुनुपर्ने भन्दै राजधानी केन्द्रित हुन नहुनेमा जोड दिए । युवा संघ पार्टीको नेतृत्व जन्माउने कारखाना भएको पोखरेलको टिप्पणी छ ।

# रोटरी क्लब मकवानपुरद्वारा शैक्षिक सामग्री सहयोग



साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ रोटरी क्लब अफ मकवानपुरद्वारा हेटौंडा-१ भैरबडाँडास्थित भैरब आधारभूत विद्यालयमा अध्ययनरत् विद्यार्थीलाई शैक्षिक सामग्री सहयोग गरिएको छ ।

विद्यालयमा अध्ययनरत् ५० जना विद्यार्थीलाई रोटरी क्लब अफ मकवानपुरले शैक्षिक सामग्री वितरण गरेको हो । शुक्रबार विद्यालयको कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुलाई झोला, कपि, पेन्सिल लगायत शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ ।

रोटरी क्लब अफ मकवानपुरका अध्यक्ष कृष्णबहादुर कार्कीको अध्यक्षता तथा हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता तथा १ नं. वडा अध्यक्ष सविन न्यौपानेको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा बिद्यालय व्यवस्थापन समिति अध्यक्ष श्याम सुनार, क्लबका पूर्वअध्यक्षद्वय बिजयलाल श्रेष्ठ, कविन सांगामी, रोट्र्याक्ट क्लब अफ मकवानपुरका अध्यक्ष प्रदीपकुमार राईलगायतको उपस्थिति थियो ।

# सुधार केन्द्रलाई हेटौंडा-१ को सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, २० माघ/ हेटौंडा-५ स्थित मकवानपुर रिकभरिङ्ग समूह सुधार केन्द्रलाई हेटौंडा उपमहानगरपालिका वडा नं. १ ले ओढ्ने, ओच्छ्याउने सहयोग गरेको छ ।



जानीनजानी लागूऔषध दुर्व्यसनमा परेर आफ्नो जीवन सुधार गर्न आश्रय लिई बसिरहेका ४१ जनालाई सुत्नको लागि समस्या भएको जानकारी पाएपछि वडा नं. १ का जनप्रतिनिधिहरुले सहयोग गरेका छन् । शुक्रबार सुधार केन्द्रमा पुगेर हेटौंडा-१ जनप्रतिनिधिहरुले ११ थान डस्ना, १० थान सिरक, १० थान तकिया र १० थान चकटी सहयोग हस्तान्तरण गरेका हुन् ।

'लागूऔषध दुर्व्यसनमा परेका मानिसहरुलाई समाजमा हेर्ने दृष्टिकोण नकारात्मक भएकै कारण दुर्व्यसनमा फसेकाहरु समाजमा पुन: फर्किन सकिरहेका छैनन्', वडा नं. १ का अध्यक्ष सविन न्यौपानेले उनीहरुलाई सुधार गरेर समाजले माया गर्ने वातावरण बनाउन सके दुर्व्यसनको दर घटाउन सकिने बताए ।

सुधार केन्द्रमा रहेकाहरूलाई सीपमूलक तालिम दिनुपर्नेमा जोड दिँदै अध्यक्ष न्यौपानेले सुधार केन्द्रमा रहेकाहरुले परिवारमा फर्किएपछि केही गरेर खान्छु भन्ने सोचका लाग्नुपर्नेमा जोड दिए । समूहका महासचिव सन्दिप शाक्यले सहजीकरण गरेको कार्यक्रममा वडा नं. १ का सदस्यहरु ईश्वरी रसाइली, मनु दाहाल, रामकृष्ण अधिकारी र सोनामसिं ब्लोनको सहभागिता थियो ।

# वृद्धाश्रमलाई खाद्यान्न सहयोग

हेटौंडा, २० माघ/ नेपाल टेलिकमले आफ्नो वार्षिकोत्सवमा एक वृद्धाश्रमलाई खाद्यान्न सहयोग गरेको छ ।

शुक्रबार परेको १९ औं वार्षिकोत्सवको अवसरमा टेलिकमले हेटौंडा-२ स्थित ओम वृद्धाश्रमलाई खाद्यान्न सहयोग गरेको हो । नेपाल टेलिकम हेटौंडा शाखाका प्रमुख रविन्द्र थापासहितको कर्मचारीको समूह शुक्रबार वृद्धाश्रममै पुगेर खाद्यान्न सामग्री सहयोग छ ।

माघ २२ गते नेपाल टेलिकमको वार्षिकोत्सव हो । वार्षिकोत्सवको दिन कार्यालय सुचारु राख्नुपर्ने भएकोले शुक्रबार कार्यालय समयपछि आश्रममा पुगेर खाद्यान्न सहयोग गरिएको नेपाल टेलिकम हेटौंडा शाखाका बासु ढुंगेलले जानकार दिए ।


## मोटरसाइकल हराएको सूचना

यही मिति २०७९/१०/१० गते राती ८ बजे हेटौंडा-२ स्थित उद्योग वाणिज्य संघ नजिक आफ्नै पसल अगाडि सडक किनारामा पार्किङ गरी राखेको ठाउँबाट मेरो निम्न व्यहोरा भएको मोटर साइकल हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न सम्पर्कमा सम्पर्क गरिदिनुहुनु हार्दिक अनुरोध गर्दछु ।

**सवारी धनीको नाम:** मनोज दास बानियाँ
**ठेगाना:** हेटौंडा-११, मकवानपुर
**सवारी मोडेल :** बागमती प्रदेश ०३-००५ प ३७३९ नं. को २२० सि.सि.को कालो/रातो रंग भएको पल्सर
च्याचिस नं. : MD2A13EX8MCG93779
इन्जिन नं. : DKXCMGG27589

## साधारणसभा सम्बन्धी सूचना

उपरोक्त सन्दर्भमा संचालक समितिको निर्णय बमोजिम यस संस्थाको २४ औं वार्षिक साधारण सभा एवम् २५ औं स्थापना दिवसको कार्यक्रम तपशिलको मिति, समय र स्थानमा हुने भएकोले यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं । साथै उक्त दिन सम्पूर्ण वित्तिय कारोबार बन्द रहने व्यहोरा सूचित गरिन्छ । यसबाट पर्न जाने असुविधाप्रति क्षमा याचना गर्दछौं ।

**तपशिल:**
**मिति:** २०७९/१०/२२ गते, आइतबार
**समय:** बिहान ११:०० बजे
**स्थान:** हेटौंडा-२, पल्पसा सदन

**दिव्य तारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-२, पल्पसा रोड
सम्पर्क नं. ०५७-५२४९१६, ५२५९१७

## नवीकरण तथा साधारण सभासम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा तथा निर्वाचन कार्यक्रम यही २०७९ माघ २८ र २९ गते हुने जानकारी गराउँदै यस संघ अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७९/०८० को लागि इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यही २०७९ माघ २५ गते सम्म रहेको हुनाले उक्त अवधिभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीलाई संघबाट दिइने सेवा सुविधाबाट बञ्चित गराउनुको साथै निर्वाचन कार्यक्रममा समेत भाग लिन नपाउने व्यहोरा जानकारी गराइन्छ ।

श्याम सुन्दर ढकाल
अध्यक्ष
**निर्माण व्यवसायी संघ, मकवानपुर**
हेटौंडा, मकवानपुर

## कागजातहरु हराएको सूचना

यही मिति २०७९/१०/०२ गते हेटौंडा बुद्धचोकबाट कान्तिराजपथ जाने क्रममा मेरो सवारी बिल बुक, जाँच रुट पर मीटलगायतका कागजातहरु हराएको हुनाले पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न सम्पर्कमा सम्पर्क गरिदिनुहुनु हार्दिक अनुरोध गर्दछु ।

**नाम:** ऋणी : जगदम्बा फाइनान्स लि.
**ठेगाना:** हेटौंडा-१३, मकवानपुर
**सवारी नं.:** ना. २ ह १५३०
सम्पर्क नं. : ९८२५२४८६१८

## थप सुविधाका साथ हाम्रा सेवाहरु

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा बिशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

**कार्यरत विशेषज्ञ डाक्टरहरु :**
- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.बसन्तमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सन्जेल र डा.इन्क्लाम ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गेहेन्द्र भुसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- दन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि.टि.स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

**हेटौंडा मोडेल अस्पताल**
हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२१६४८ फोन नं.: ०५७-५२२७५६

## कपडाहरुको धुलाई र ड्राई क्लिनको लागि सम्झनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्झनुहोस् ।





*कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।*

प्रो. अमिता चौधरी
**मेरिना ड्राई क्लिनिङ्ग स्पोट**
नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५१२६११२

## रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.:**
९८४५२९०३९१, ९८५५०८५३९१

## थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ डा.प्रशान्त शर्मा

**अब प्रत्येक दिन**
विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा
तथा **२४ सै घण्टा**
स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा
**हेटौंडा सिटी हस्पिटलमा**

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :
- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
**हेटौंडा सिटी हस्पिटल प्रा.लि.**
हेटौडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३१५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

## फेन्सी पसलको फर्निचर बिक्रीमा

खोपेगल्ली काका भतिज मार्केटको लाफिङ हाउस सँगै चालू अवस्थामा रहेको फेन्सी पसलको फर्निचर सुपथ मूल्यमा बिक्री रहेकोले खरिद गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
**सम्पर्क नं.:** ९८२१८५३११४, ९८५५०७७७७८


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना